जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरी।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण

**(PROACTIVE DISCLOSURE)**

प्रथम त्रैमासिक

# आ.व. २०८२/०८३ साउन-असोज




प्रकाशक

नेपाल सरकार

## जिल्ला समन्वय समितिको कार्यालय,महोत्तरी

CamScanner

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम प्रस्तुत गरिएको सार्वजनिक विवरण (PROACTIVE DISCLOSURE) प्रथम त्रैमासिक आ.व. २०८२/०८३ साउन-असोज

नेपालको मधेश प्रदेशका ८ जिल्लाहरु मध्ये दक्षिण तराई भेगमा अवस्थित महोतरी जिल्लाको रुपमा राज्यले बि.स. २०१९ मा स्थापना गरेको हो |यो जिल्ला विश्वको मानचित्रमा २६ डिग्री ३६ मिनेट उत्तर देखि २८ डिग्री १० मिनेट उत्तर अक्षांस र ८५ डिग्री ४१ मिनेट पुर्व देखि ८५ डिग्री ५७ मिनेट पुर्व देशान्तरभित्र फैलिएको छ | १००२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस जिल्लाको भौगोलिक नक्शाको आधार हेर्ने हो भने उतर दक्षिण लम्बाई बढी र पुर्व पश्चिम चौडाई कम भै आयातकर रुपमा अवस्थित छ | यस जिल्लाको औषत लम्बाई ५८ किलोमिटर (उतर-दक्षिण) र चौडाई १८ किलोमिटर (पुर्व-पश्चिम) रहेको छ |भौगोलिक धरातलीय स्वरुपको हिसाबले हेर्दा उतर तर्फ पत्रेदार चुरे तथा भावर क्षेत्र १४% र दक्षिण तर्फ तराईको समथर मैदान ८६% का दुई भूभागहरु रहेका छन जुन समुद्र सतह वाट ६१ मिटर देखि ८०८ मिटर सम्मको उचाइमा फैलिएका छन् |

मध्य तराईको मिथिला परिक्रमा भित्र पर्ने यो जिल्ला नेपालको येतिहासिक जिल्ला मध्ये एक हो | यो जिल्ला मधेश प्रदेश को सबभन्दा सानो जिल्ला हो | यसमा,१० वटा नगरपालिका र ५ वटा गाउपालिका छन |यस जिल्लाको उतरमा सिन्धुली,पुर्वमा धनुषा,पश्चिममा सर्लाही र दक्षिणमा भारतको बिहार राज्य पर्छन |

यस जिल्लाको नाम महोतरी रहनका कारण प्राचिन इतिहासलाई खोजि गर्दा नेपाल एकीकरण हुनुभन्दा अगाडि यो मिथिला प्रदेशको स्वतन्त्र राज्य थियो|महोदरी नामको एउटा बाहुनले हालको महोतरी गाउपालिकाको ५ बिघा जग्गामा एउटा विशाल पोखरी निर्माण गराई आफ्नो नामबाट उक्त पोखरीको नामकरण गराएको थियो | महोदरी शाब्दिक परिवर्तन हुदै महोतरी हुन् गई पोखरी रहेको गाउपालिका र जिल्ला समेतको नामाकरण महोतरी हुन् गएको जनविश्वास छ भने केहि

जिल्ला समन्वय समितिको कार्यालय महोतरी, जलेश्वर मधेश प्रदेश २०६३

बुढापाकाको भनाइ अनुसार जलेश्वरको महा उतरी भेगमा एक गाउ रहेको र त्यसलाई महाउतरी भन्दाभन्दै महोतरी रहन गएको भन्ने भनाइ पनि छ । यस जिल्लाको अधिकतम तापक्रम ४० डिग्री सेल्सियस र न्युनतम तापक्रम ५.६ डिग्री सेल्सियस रहेको पाइन्छ ।यहाको औषत वर्षा १८४१.१ मि.लि. छ भने औषत सापेक्षिक आद्रता ८७% रहेको पाइन्छ ।

२.महोतरी जिल्लाको ऐतिहासिक तथा धार्मिक क्षेत्रहरु :-

जलेश्वरनाथ – महोतरी जिल्लाको सदरमुकाममा अवस्थित जलेश्वर महादेवको मन्दिरमा शिवलिंग,पार्वती र महाविरक मुर्तिहरु स्थापित छन । जलेश्वर महादेवको मन्दिरको स्थापना राजा जनकबाट भएको भन्ने किम्वदन्ती छ । यस मन्दिरको नामवाट नै जलेश्वर नगरपालिकाको नाम जलेश्वर रहन गएको हो ।

मटिहानी – महोतरीको सदरमुकाम जलेश्वरवाट करिव ८ कि.मि. पुर्वमा अवस्थित मटिहानी लाई सवैभन्दा पवित्र मानी रामजानकी विवाहको वेलामा विवाह मण्डप वनाउन माटो लगिएको भन्ने किम्वदन्ती पाइन्छ । माटो खनिएको ठाउमा हाल विशाल पोखरी रहेको छ ।यहा सिताराम मन्दिर र साधुसन्त वस्ने पुराना घरहरु रहेका छन ।

टुटेश्वर महादेवको मन्दिर – महेन्द्र राजमार्गवाट ६ कि.मि. उतरमा अवस्थित यस् मन्दिरलाई नेपालको वावाधाम पनि भनिन्छ । यस ठाउमा नेपाल र भारतका तीर्थालुहरुको आगमन भइ रहन्छ ।यहा साउन महिनाको हरेक सोमवार तीर्थालुहरुको ठुलो घुइचो लाग्दछ । यस मन्दिरको अस्तित्व चार हजार वर्ष पहिले भएको भन्ने अनुमान गरिएको छ । यसै ठाउमा किरातेश्वर महादेवले अर्जुनलाई ज्ञान दिएको भन्ने किम्वदन्ती पाइन्छ ।

२ जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीको परिचयः

जिल्लामा विभिन्न स्थानीय तहहरुवाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहसँग सम्वद्ध कार्यहरुको अनुगमन गर्ने तथा विभिन्न निकायहरुबीच समन्वय गर्ने उद्देश्यले संविधानको धारा २२० बमोजिम जिल्ला समन्वय समितिहरु गठन स्थापना भएका हो। जिल्ला समन्वय समितिको काम कारवाहीलाई थप स्पष्ट गर्ने कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत गरेको छ।

जिल्ला समन्वय समितिको कार्यालय महोत्तरी, जलेश्वर मधेश प्रदेश, नेपाल २०७३

CS CamScanner

## २.१. जिल्ला समन्वय समितिको कार्यालय, महोत्तरीको काम, कर्तव्य र अधिकारः

क.. जिल्ला सभा र जिल्ला समन्वय समिति सम्वन्धी संवैधानिक व्यवस्थाः धारा ५६ को उपधारा (१) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ। धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। संविधानको धारा २२० को उपधारा (१) मा जिल्ला भित्रका नगरपालिका र गाउँपालिका वीच समन्वय गर्न जिल्लामा एक जिल्ला सभा रहने व्यवस्था छ। उपधारा (३) बमोजिम जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ। उपधारा (७) जिल्ला सभाको काम कर्तव्य र देहाय वमोजिम हुने व्यवस्था छ।

• जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।

• विकास तथा निर्माण सम्वन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।

• जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका वीच समन्वय गर्ने ।

• प्रदेश कानुन वमोजिमका अन्य कार्यहरु गर्ने

ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले जिल्ला सभा/जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था देहाय बमोजिम गरेको छ।

• जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका विचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने ।

• जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट संचालित विकास निर्माण सम्बन्धी कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापन र सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्ग दर्शन दिने ।

• जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसंग समन्वय गर्ने ।

• जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउंपालिका तथा नगरपालिका विच समन्वय गर्ने ।

CamScanner

• जिल्ला भित्रका स्थानीय तहका बिच कुनै विवाद भएमा त्यसको समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने ।

• जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने ।

• जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।

* जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अनुगमन गरी सन्तुलन कायम गर्नको लागि संघ; प्रदेश सरकार र सम्बन्धित स्थानीय तहलाई सुझाव दिने ।

• जिल्ला भित्रको विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउनका लागि वर्षमा कम्तीमा १ पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्य लाई आमन्त्रण गरी सुझाव लिने।

• नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

• ऐनको दफा ९५ मा जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

## ३.१ जिल्ला समन्वय समितिको संगठन संरचना

| क्र.स | पद | श्रेणी | सेवा | समुह | द. संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| २ | शाखा अधिकृत | रा.प. तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | ईन्जिनियर | रा.प.तृतीय | इन्जिनियरिङ | सिभिल | १ | |
| ४ | नायव सुव्वा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |

CS CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ६ | सव-ईन्जिनियर | रा.प.अनं. प्रथम | इन्जिनियरिङ | सिभिल | १ | |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ | |
| ९ | ह.स.चा. | श्रेणीविहिन | इन्जिनियरिङ | मेकानिकल | २ | |

### ३.२. जिल्ला समन्वय समितिका वर्तमान पदाधिकारीहरुको विवरण

| क्र.स. | नाम | पद | सम्पर्क नं. | |
|---|---|---|---|---|
| १. | श्री सुमन कुमार लाल कर्ण | प्रमुख | ९८५४०३२३३१ | smnkarna@gmail.com |
| २. | श्री नन्दु महरा | उप-प्रमुख | ९८१५८००९४० | |
| ३. | श्री सरयुग यादव | सदस्य | ९८१४८७२१९२ | |
| ४. | श्री रामलखन पंजियार | सदस्य | ९८१९६०१७२४ | |
| ५. | श्री श्याम कुमार तामांग | सदस्य | ९८०८०५६१६७ | |
| ६. | श्री हरी प्रसाद गौतम | सदस्य | ९८१५८०९७८० | Gautamrajan4444@gmail.com |
| ७. | श्री लक्ष्मी कुमारी परियार | सदस्य | ९८०७६०११५४ | |
| ८. | श्री रिता देवी साह | सदस्य | ९८२६८१०६६६ | |

### ३.३ जिल्ला समन्वय समितिको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको बिबरण

| क्रस | पद | श्रेणी/तह | नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.दितीय | मधु कुमारी महतो | ९८४१६६७८४९ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | | रिक्त |
| ३ | इन्जीनियर | रा.प.तृतीय | | रिक्त |
| ४ | नायब सुब्बा | रा.प.अन.प्रथम | अजय दास | ९८५४०३३०६५ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | राम नरेश पाण्डेय | ९८५४०३१२७४ |
| ६ | सब-इन्जीनियर | रा.प.अन.प्रथम | | |
| ७ | खरिदार | रा.प.अन.दितीय | राम उदेश यादव | ९८६६११२६८५ |
| ८. | स्वकीय सचिव | रा.प.अन.प्रथम | | रिक्त |
| ८ | सवारी चालक | विहिन | यम बहादुर खड्का | सेवा करार |
| ९ | सवारी चालक | विहिन | | रिक्त |
| १० | कार्यालय सहयोगी | विहिन | दिपेन्द्र केवट | सेवा करार |
| ११ | कार्यालय सहयोगी | विहिन | शम्भु कुमार राउत | सेवा करार |
| १२ | कार्यालय सहयोगी | विहिन | संतोष कुमार यादब | सेवा करार |

जिल्ला समन्वय समितिको कार्यालय महोत्तरी, जलेश्वर मधेश प्रदेश, नेपाल

CamScanner

४.निकायबाट प्रदान गरिने सेवा:

- जिल्ला सभा र वार्षिक समीक्षा
- अनुगमन तथा मूल्याङ्कन
- विभिन्न पालिका तथा कार्यालयहरुसँग समन्वय
- सुझाव
- LISA FRA र LED मूल्याङ्कन

५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

- जिल्ला समन्वय समितिको कार्यालयबाट प्राप्त हुने सेवाहरु नि:शुल्क रहेको

६. निर्णय गर्ने प्रक्रिया र अधिकारी/तह:

- जिल्ला समन्वय समिति
- समन्वय प्रमुख ।
- जिल्ला समन्वय अधाकरी
- शाखा अधिकृत: जिल्ला समन्वय अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम।

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

- जिल्ला समन्वय अधिकारी

८. सम्पादन गरेको कामको विवरण: २०८२ साउन १ देखि असोज मसान्तसम्म

- जिल्ला भित्रका पालिकाहरुको कार्य सम्पादन मूल्याङ्कन भएको
- जिल्ला समन्वय समितिका बैठक सङ्ख्या: ७
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिमको जिल्ला अनुगमन समितिको बैठक संख्या: १
- समितिको तर्फवाट पनि विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धमा पटक पटक अनुगमन भई निर्देशन दिने काम समेत भएको।
- स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदानप्रदान कार्यक्र सम्पन्न गरियो।

९. सूचना अधिकारी र प्रमुखको नाम र पद:

क) कार्यालय प्रमुख:

जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी, २०७३

CamScanner

- नामः मधु कुमारी महतो
- पदः जिल्ला समन्वय अधिकारी

ख) सूचना अधिकारीः

- नामः अजय दास
- पदः नायव सुव्वा

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- निजामती सेवा ऐन, २०४९ र
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- कर्मचारी समायोजन ऐन, २०७५
- वातावरण संरक्षण ऐन, २०७६
- निजामती सेवा नियमावली, २०५०
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- वातावरण संरक्षण नियमावली, २०७७
- विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधि, २०८०
- स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली संचालन कार्यविधी २०८०

जिल्ला समन्वय समितिको कार्यालय महोत्तरी, जलेश्वर मधेश प्रदेश, नेपाल २०७३

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अधावधिक विवरण:

२०८२ साउन १ देखि असोज मसान्तसम्म

आम्दानी:

- चालु आ.व. २०८२/८३ को असोज मसान्तसम्म
  यस कार्यालयबाट प्राप्त राजश्वः रु.१,२६,०००/-

| सि.नं | क्रियाकलाप | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १.३.५.५ | पारिश्रमिक(कर्मचारी) | १२,५४,५८३।८० | श्रावण देखि असोज र चाडपर्व खर्च समेत |
| २. | १.३.५.५ | पारिश्रमिक(पदाधिकारी) | ८,३७,००० | श्रावण देखि असोज र चाडपर्व खर्च समेत |
| ३. | १.३.५.५ | पदाधिकारी वैठक अनुगमन | ३,०५,०००<br>जम्मा:२४,५६,५८२।८० | २०८२ साल भाद्र महिनाको पारिश्रमिक |

| सि.नं | क्रियाकलाप | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १.३.५.६ | निजि सचिवालय करार (कर्मचारी) | ३४,७३० | २०८२ साल भाद्र महिनाको पारिश्रमिक |

| सि.नं | क्रियाकलाप | विवरण |
|---|---|---|
| १. | १.३.५.९ | अनिवार्य दायित्व सहितका कार्यालय संचालन खर्च |

| | | | |
|---|---|---|---|
| १. | ईन्धन | १,७५,००० | २०८२ साल असोज सम्म |

| | | | |
|---|---|---|---|
| २. | गाडी मर्मत | ८९,५५० | २०८२ साल असोज सम्म |
| ३. | मोटरसाईकल मर्मत | ९,५५० | २०८२ साल असोज सम्म |
| ४. | कार्यालय सम्बन्धी खर्च | ९५,५७४ | २०८२ साल असोज सम्म |
| ५. | नेट रकम (संचार) | ४१,१९२ | यसमा वार्षिक बजेट महशुल |
| ६. | विभिन्न बैठक खाजा (विविध खर्च) | ५१,६९० | बैठकमा भएको खाजा,चिया पानि |
| ७. | संविधान दिवस कार्यक्रम | १०,४२० | असोज ३ गते संविधान दिवस |
| | | जम्मा:४,७३,२७६ | |

| सि.नं | क्रियाकलाप | विवरण | खर्च |
|---|---|---|---|
| १. | १.३.५.१५ | स्थानिय तह असल अभ्यास | १६,८१२ |
| २. | १.३.५.१३ | अनयगमन मुल्याङकम भ्रमण खर्च | ८२,१६८ |
| | | कुल जम्मा:३०,६३,५७१।८० | |

१२.<u>तोकिए बमोजिमका अन्य विवरण:</u>

- नेपाल सरकार, सम्बन्धित मन्त्रालय, विभागबाट प्राप्त परिपत्र, निर्देशन बमोजिमका कार्यहरु

१३.अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरु

- जिल्ला सभा र वार्षिक समीक्षा कार्क्रम सम्पन्न गरियो
- बहुक्षेत्रीय पोषण कार्यक्रमको समीक्षा बैठक

१४.जिल्ला समन्वय समितिको वेभसाइट

- Website: dccmahottari.gov.np
- Email: dccmahottari@gmail.com
  Info@dccmahottari.gov.np